# बरेङ गाउँपालिका

## स्थानीय राजपत्र

## बरेङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ६८, मिति २९ साउन २०८२

भाग २

### बरेङ गाउँपालिका

# अति विपन्न मानसिक रोगीहरुको लागि औषधी राहत मापदण्ड, २०८२

१. **उद्देश्यः** औषधी किन्ने श्रोत समेत नभएका अति विपन्न मानसिक रोगीहरुको लागि राहत रकम उपलब्ध गराई मानसिक रोगीहरुको स्वास्थ्य सेवामा पहुँच वृद्दि गर्नुका साथै बढ्दो आत्महत्याको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले बरेङ गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बरेङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०४/२९ गतेको बैठकद्वारा स्वीकृत भई यो मापदण्ड लागु गरिएको छ ।

२. **बजेट व्यवस्थाः** गाउँपालिकाद्वारा अति विपनन मानसिक रोगीहरुको लागि औषधी राहत शीर्षकमा बिनियोजित रकम ।

३. **प्रयोजनः** नेपालका सरकारी अस्पतालहरुले मानसिक रोगी प्रमाणिकरण गरी नियमित औषधी सेवन गर्नुपर्ने भनी उल्लेख गरेका बिरामीहरुलाई राहत उपलब्ध गराउने ।

४. **औषधी राहत प्राप्त गर्नको लागि योग्यताः- क)** सरकारी अस्पतालको मान्यता प्राप्त चिकित्सले मानसिक रोगी प्रमाणित गरेको कागजात **ख)** सम्बन्धित वडा कार्यालयले उक्त मानसिक रोगी अति विपन्न हो भनी प्रमाणित गरेको सिफारिस पत्र ।

५. **उपलब्ध गराउने रकमः-(क)** प्रकरण ४ अनुसारको योग्यता पुरा गरेका अति विपन्न मानसिक रोगीहरुलाई खर्च बिल अनुसार बार्षिक रुपमा कम्तिमा १ महिनाको लागि पुग्ने राहत उपलब्ध गराइने छ।**(ख)** उप प्रकरण (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि राहत रकम ५००० भन्दा बढी हुने छैन।**(ग)** औषधीको बिलमा मानसिक रोगको औषधी बाहेक अन्य औषधी समेत समावेश भएको पाईएमा मानसिक रोगको औषधी मात्रको हिसाब गरी राहत उपलब्ध गराइने छ।**(घ)** उप प्रकरण (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि अति विपन्न मानसिक रोगीहरुको संख्या बढी भएमा दामासाहीले राहत उपलब्ध गराउन बाधा पर्ने छैन ।

६. **अति विपन्न मानसिक रोगीहरुले औषधी राहत प्राप्त गर्ने प्रकृयाः- क)** प्रकरण ४ बमोजिमको योग्यता पुगेका अति विपन्न मानसिक रोगी वा हकवालाले सम्बन्धित वडा कार्यालयमा विपन्नताको प्रमाण सहितको निवेदन पेश गर्नु पर्ने छ। **ख)** उप प्रकरण(क) बमोजिम निवेदन प्राप्त भए पछि वडा कार्यालयले अन्य आवश्यक विवरणहरु समेत खुलाई गाउँपालिकामा सिफारिस गर्नु पर्ने छ। **ग)** उप प्रकरण(क) र (ख) बमोजिमको कागजात र प्रकरण ७ बमोजिमको कागजात समेतको आधारमा आवश्यक छानविन गरी गाउँपालिकाले औषधी राहत उपलब्ध गराउने छ ।

७. **निवेदन साथ अति विपन्न मानसिक रोगीले संलग्न गर्नुपर्ने कागजातहरु:- क)** सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकद्वारा मानसिक रोगी प्रमाणित गरी नियमित औषधी सेवन गर्नुपर्ने भनी लेखिएको कागजात **ख)** सम्बन्धित वडा कार्यालयले उक्त मानसिक रोगी अति विपन्न नागरिक भएको र अन्य निकायबाट राहत सुविधा नलिएको भन्ने सिफारिस **ग)** पछिल्लो पटक औषधी खरिद गरेको बिल। **घ)** अन्य कुनै पनि निकायबाट राहत रकम प्राप्त नगरेको स्वघोषणा।**ङ)** बरेङ गाउँपालिकामा स्थायी वसोवास गरेको ठेगाना खुल्ने कागजात।

८. **प्रतिवेदन**: स्वास्थ्य शाखाले यस सम्बन्धी अभिलेख तथा प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराइ अभिलेख राख्नुपर्ने छ।

९. **अनुगमन**: बरेङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रमको प्रभावकारीता सम्बन्धी अनुगमन गर्नेछ।

१०. **बन्देज गरिएको:-** प्रकरण ५ बमोजिम राहत उपलब्ध गराउने सन्दर्भमा प्रकरण ४ अनुसारको योग्यता नपुगेका, नीजि अस्पतालमा उपचार गराइरहेका र विदेशमा उपचार गराइरहेका बिरामीहरुलाई राहत उपलब्ध गराउन बन्देज गरिएको छ।

**आज्ञाले:-**

खड्ग वि. क

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२।०४।२९